श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधिको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. पारिश्रमिकः– महालेखा परीक्षकलाई प्रतिमास रु. १,७००।– सत्रसय रूपैयांका दरले पारिश्रमिक दिईनेछ ।

तर, सो पदमा नियुक्ति भएको व्यक्तिले कुनै सरकारी सेवा गरे वापत पेन्सन पाइ राखेको भए निज महालेखा परीक्षकको पदमा बहाल रहुन्जेल त्यस्तो पेन्सन पाउने छैन ।

३. भ्रमण तथा दैनिक भत्ता र सवारी सुबिधाः– (१) महालेखा परीक्षकले आफ्नो कार्य सञ्चालनको सिलसिलामा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा निजलाई देहायका दरले भ्रमण तथा दैनिक भत्ता दिईनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४९८

(क) भ्रमण भत्ताः– हवाई जहाज, रेल, वा बसबाट भ्रमण गर्दा डेढ जनालाई लाग्ने पहिला दर्जाको किराया र अरू अरू सवारीबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने किराया तथा ज्याला ।

(ख) दैनिक भत्ताः– दफा २ बमोजिम हुन आउने एक दिनको पारिश्रमिकको आधा ।

(२) महालेखा परीक्षकलाई सवारी निमित्त मोटर सुबिधा दिईनेछ ।

४. पेन्सनः– (१) महालेखा परीक्षकले सो पदमा अटूट सेवा गरेको जम्मा वर्ष संख्यालाई छ सयले गुणन गर्दा हुन आउने अंक बराबरको रकम निजले सो सेवाबाट अवकाश प्राप्त गरे पछि वार्षिक पेन्सनको रूपमा पाउने छ ।

(२) श्री ५ को सरकारको सेवामा बहाल रहेको कुनै व्यक्ति महालेखा परीक्षकको पदमा नियुक्त भएमा सो सेवामा रहंदाको निजको उप–दान र पेन्सन सम्बन्धी हक कायम नै रही त्यसमा उप-दफा (१) बमोजिमको पेन्सन समेत थप पाउनेछ ।

(३) उप–दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ती उपदफाहरू बमोजिम पाउने पेन्सनको उपल्लो हद वार्षिक रु. ७,२००।– सातहजार दुइ सय रुपैयां हुनेछ ।

५. पारिवारिक पेन्सनः– महालेखा परीक्षकको एकाघरसंगका परिवारलाई देहायका अवस्थामा देहायको अवधिसम्मको लागि दफा ४ बमोजिमको पेन्सन दिइनेछः–

(क) महालेखा परीक्षकको पदावधि बांकी छंदै निजको मृत्यु भएमा ५ वर्षसम्म,

(ख) दफा ४ बमोजिम पेन्सन पाउन थालेको ५ वर्ष नपुग्दै निजको मृत्यु भएमा सो ५ वर्ष नपुगेको बांकी अवधिसम्म ।

६. पदावधिः– महालेखा परीक्षकको पदावधि निजले सो पदमा बहाल गरेको मितिले ६ वर्षको हुनेछ ।

७. बिदाः– (१) महालेखा परीक्षकले देहाय बमोजिमको बिदाहरू पाउन सक्नेछः–

(क) भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा, र

(घ) विशेष बिदा ।

(२) महालेखा परीक्षकले प्रत्येक वर्ष १५ दिनमा नबढाई सोही वर्षभित्रै भईपरी आउने बिदा लिन पाउनेछ । सो बिदा लिई बसेको अवधिमा निजले पूरा पारिश्रमिक पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) महालेखा परीक्षकले काम गरेको अवधिको एघार दिनको निमित्त एक दिनको दरले घर विदा पाउन सक्नेछ। घर विदा बढीमा १२० दिनसम्म जम्मा गरी राख्न सकिनेछ। महालेखा परीक्षकले घर विदा बसेको अवधिको पूरा पारिश्रमिक पाउनेछ। निजले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि संचित घर विदाको अवधिको पारिश्रमिक पाउनेछ। साधारणतः महालेखा परीक्षकलाई आखिरी घर विदा लिएको समय देखि ४ महीना नपुगी अर्को घर विदा दिइने छैन। घर विदा दिने प्रयोजनका निमित्त काम गरेको अवधि कायम गर्दा भईपरी आउने विदा बसेको दिन र सार्वजनिक विदाको दिन समेत काम गरेको दिनमा जोडिने छ।

(४) महालेखा परीक्षकले साल एकमा १५ दिनसम्म साधारण विरामी विदा पाउन सक्ने छ। त्यस्तो विरामी विदा पूरा पारिश्रमिक सहितको हुनेछ। कुनै ठूलो र कडा रोग लागि विरामी भै विदा लिन चाहेमा एक पटकमा २ महीनासम्म पारिश्रमिक सहितको र त्यसपछि ४ महीनासम्म पारिश्रमिक रहितको विरामी विदा पाउन सक्नेछ।

(५) महालेखा परीक्षकले देहाय बमोजिम विशेष विदा पाउन सक्नेछ र त्यस्तो विदा आधा पारिश्रमिक सहितको हुनेछः–

(क) एक पटकमा एक महीनामा नबढाई र

(ख) महालेखा परीक्षकको पदावधि भरमा ३ महीनामा नबढाई।

(६) श्री ५ को सरकारको सेवामा रहेको कुनै व्यक्ति महालेखा परीक्षकको पदमा नियुक्त भएमा सो सेवामा रहँदाको निजको संचित विदा सम्बन्धी हक उपभोग गर्नबाट निजलाई बंचित गरिने छैन।

(७) भई परी आउने विदा बाहेक अरू विदाका लागि महालेखा परीक्षकले श्री ५ महाराजाधिराजबाट पूर्व स्वीकृति लिनु पर्ने छ।

(८) श्री ५ महाराजाधिराजबाट स्वीकृत विदा भुक्तान नहुंदै महालेखा परीक्षकलाई काममा बोलाउन वा विदा अस्वीकार गर्न सकिबक्सने छ।

८. <u>कायम मुकायमको व्यवस्थाः–</u> (१) महालेखा परीक्षक घर विदा, विरामी विदा वा विशेष विदामा वसेमा वा महालेखा परीक्षक पद कुनै कारणले रिक्त हुन आएमा सो विदामा बसेको वा पद रिक्त भएको अवधिसम्मका लागि श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको व्यक्तिले कायम मुकायम महालेखा परीक्षक भई सो पदको काम गर्ने छ।

(२) उप–दफा (१) बमोजिम कायम मुकायम हुने व्यक्तिले निज कायम मुकायम रहुन्जेल दफा २ बमोजिम पारिश्रमिक पाउने छ।

४१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।